**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 16.04.2025**

---

***छोजो***

दक्षिण सिक्किमको राभोङ निर्वाचन क्षेत्र अन्तर्गत राभोङ स्थित छोजो लेकमा गत 11 अप्रैल देखि शुरू भएरो छ दिवसीय डिसकभर राभोङ छोजो फेस्ट 2025 को आज रंगारंग सांस्कृतिक कार्यक्रम एवं प्रथम मुख्यमन्त्री स्वर्णकप भलीबल प्रतियोगिताको फाईन्ल खेल तथा अन्य साहसिक खेल गतिविधिहरूका साथ समापन भएकोछ। समापन कार्यक्रममा मुख्यमन्त्री प्रेम सिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

श्री तामाङले भन्नुभयो, सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले सन्ता सम्हाले देखि यता गरीब अनि निमुखा जनताले राहत पाएको र सरकारी योजनाहरूको भागदारी बनेको भन्दै सत्तारूढ़ पार्टीले भोट ब्यांकको राजनीति होईन तर गरीब र युवाहरूलाई गरि खाने बनाउने कार्यक्रम लिएर काम गरिरहेकोछ।

---

***सिक्किम @50***

हिमाली राज्य सिक्किमले राज्य स्थापनाका 50 गौरवशाली वर्ष मनाउँदै गर्दा सिक्किमलाई राष्ट्रिय मंचमा प्रकाश पार्न प्रेस क्लब अफ सिक्किम (PCS) ले 13 मई 2025 मा सिक्किम @ 50 स्वर्णिम जयन्ती सम्मेलन नामक ऐतिहासिक कार्यक्रम आयोजना गर्दैछ।

सिक्किम सरकारद्वारा प्रायोजित एक दिने सम्मेलन, राज्य सूचना तथा जनसम्पर्क विभागको सहकार्यमा गान्तोकको आदमपुलमा आयोजना हुँदैछ।

मुख्यमन्त्री प्रेम सिंह तामाङले आयोजक समितिको प्रमुख संरक्षक हुन सहमति जनाउनुभएकोछ। उहाँले 16 अप्रैल का दिन राबोङमा आयोजित एक कार्यक्रममा सिक्किम @ 50 स्वर्णिम जयन्ती सम्मेलन को लोगोको पनि अनावरण गर्नुभयो।

स्वर्णिम जयन्ती सम्मेलनले सिक्किमका 50 वर्षे लोकतान्त्रिक यात्रालाई प्रतिबिम्बित गर्ने मंचको रूपमा काम गर्छ र यसको रणनीति महत्व, विशेष गरि एक महत्वपूर्ण सीमावर्ती राज्यको रूपमा राष्ट्रिय ध्यान आकार्षित गर्छ।

यस सम्मेलनको उद्देश्य नीतिगत संवाद र क्षेत्रीय विकास रणनीतिका लागि राष्ट्रीय मंचको रूपमा काम गर्नु हो, जसले सिक्किमलाई भारतका सीमावर्ती राज्यहरू र हिमाली पारिस्थितिक प्रणाली माथि चर्चाको अग्रपंक्तिमा राख्नेछ।

सम्मेलनको अर्को प्रमुख केन्द्रबिन्दु, पर्यटन तथा आतिथ्य चलचित्र निर्माण, हरित ऊर्जा जैविक खेती र उच्च मूल्य, कम आयु उद्योगहरू जस्ता विविध क्षेत्रहरूमा सिक्किमको विशाल लगानी सम्भावनालाई उजागर पार्नु हो।

---

***यूनेस्को***

सांस्कृतिक संरक्षण तर्फ एक महत्वपूर्ण पाईला अन्तर्गत यूनेस्को ले विरासतको एक जीवन्त प्रतीक भएको बांसले बनेको लेप्चा पुल पारम्परिक रू सोएमलाई दस्तावेजीकरण र पहिचान गर्न सिक्किम सरकारसित सहभागिता गरेकोछ।

विज्ञान तथा प्रोद्योगिकी विभागको बौदिक संपदा अधिकार अनुभागद्वारा ताशीलिङ सचिनालयमा एक उच्च स्तरीय बैठकको आयोजना गरियो।

वन विभागका मन्त्री श्री पिन्चो नाम्गेल लेप्चा ले बैठकको आध्यक्षता गर्नुभयो। यस उल्लेखनीय पुल निर्माण परम्परालाई उजागर गर्न विशेषज्ञ कलाकार र शिल्पकार र सांस्कृतिक नेताहरू एकत्रित भएका थियो।

कन्चनजंगा जीवमण्डल रिजर्भ भित्र Dzongu Tribal Reserve मा लेप्चा समुदायले अहिले पनि यस परम्पराको पालन गर्छ।

संपूर्णरूपले जंगली बांसजस्ता प्राकृतिक सामग्रीहरूले निर्मित- रू सोएम एक पुल मात्र न भई- पर्यावरण प्रति संम्वेदनशील नवोन्मेष र वर्षो पुरानो परम्पराको प्रतीक पनि हो।

दीगो र आपदा झेल्न सक्ने पूर्वाधारको प्रतीकको रूपमा हालका समयमा यसको महत्व धप बढ़ेकोछ।

यूनेस्को का क्षेत्रीय निदेशक श्री टिम कर्टिस ले यस बैठकमा भर्चुअल रूपमा सहभागिता जनाउनुभयो।

यस पहलको प्रशन्सा गर्दै, वैश्विक म्मनक अनुसार तकनीकी दस्तावेजीकरण र विरासत चिन्हारीका लागि मदद दिने प्रस्ताव पनि उहाँले राख्नुभयो।

यूनेस्को का प्राकृटिक विज्ञान प्रमुख डा. बेन्नो बोअर यस पहललाई अघाढ़ी लिएर जान, मई, 2025 मा सिक्किम आउनुहुनेछ।

---

## ***भारतीय सेना ARMEX-24***

भारतीय सेनाले अधिक ऊँचाईको एक साहसिक अभियान ARMEX-24 को सफलतापूर्वक समापन गरेकोछ। सहनशीलता, लचिलोपन र परिचालन उत्कृष्टताको यो एक प्रमाण हो।

---

## ***मौसम***

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बीतेका चौबीस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापक्रम 22.4 डिग्री सेल्सियस र न्यूनतम तापक्रम 12.5 सेल्सियस रेकार्ड गिरयो।

अधिकतम तापक्रम 21 डिग्री सेल्सियस र न्यूनतम 13 डिग्री सेल्सियस रहने अनुमानछ।

---